# चौथो नगरसभाबाट कागेश्वरी मनोहरा नगरपालिका शिक्षा ऐन, २०७५ मा संशोधन

## (प्रथम संशोधन, २०७७)

**कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित**

खण्ड : १ | अतिरिक्ताङ्क: १ | मिति २०७७।५।३१

## भाग २

नेपालको संविधान वमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको चौथो नगरसभाले पारित गरे वमोजिमको यो संशोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## **शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कागेश्वरी मनोहरा नगपालिकाको चौथो नगरसभाले यो ऐन बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम कागेश्वरी मनोहरा नगरपालिकाको "शिक्षा ऐन (प्रथम संशोधन)२०७७" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

(२) **शिक्षा ऐन, २०७५ दफा २(ग) मा संशोधनः**शिक्षा ऐन, २०७५(यस पछि "मूल ऐन" भनिएको) दफा २(ग) मा रहेको "दुबै"भन्ने शब्दको सट्टा "तहको"भन्ने शब्द राखिएको छ।

(३) **मूल ऐनको दफा २ (घ) मा संशोधनः**मूल ऐनको दफा २(घ) को "कक्षा नौ देखि कक्षा बाह्रसम्म"भन्ने शब्दहरू पछि "वा सो सरह"भन्ने शब्दहरू थप गरिएको छ ।

(४) **मूलऐनमा दफा २ (ङ) मा संशोधनः**मूल ऐनको दफा २ (ङ) को "प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा"भन्ने शब्दहरूको सट्टा "कक्षा एक देखि कक्षा आठ सम्मको शिक्षा"भन्ने शब्दहरू राखिएको छ।

(५) **मूल ऐनको दफा २(छ) मा संशोधनः**मूल ऐनको दफा २(छ) को "शिक्षालाई"भन्ने शब्द पछि "सम्झनु"भन्ने शब्द थप गरिएको छ ।

(६) **मूल ऐनको दफा २ (ठ) मा संशोधन:** मूल ऐनको दफा २ को खण्ड (ठ) झिकिएको छ ।

(७) **मूल ऐनको दफा २ (ढ) मा संशोधन:**मूल ऐनको दफा २(ढ) मा रहेका "नियमावली"भन्ने शब्द पछि "वा कार्यविधि"भन्ने शब्दहरू थप गरिएका छन् ।

(८) **मूल ऐनको दफा २ (ण) मा संशोधन:**मूल ऐनको दफा २(ण) को "स्वीकृतिलाई" भन्ने शब्दको सट्टा "सहमतिलाई" भन्ने शब्द राखिएको छ ।

(९) **मूल ऐनको दफा २ (त) मा संशोधन:**मूल ऐनको दफा २(त) मा रहेका "नेपाल सरकार" भन्ने शब्द पछि "प्रदेश सरकार"भन्ने शब्दहरू थप गरिएका छन् ।

(१०) **मूल ऐनको दफा २ (फ)मा संशोधन:** मूल ऐनको दफा २(फ) पछि देहायका उपदफाहरू (ब), (भ), (म) र (य), थप गरिएका छन् ।

(ब) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाई गतिविधिमा सम्लग्न व्यक्त्ति र प्रधानाध्यापक समेतलाई जनाउछ ।

(भ)"अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको आमा, बुबा, हजुरआमा, हजुरबुबा, धर्मपिता, धर्ममाता,संरक्षक वा स्थानीय अभिभावक वा विद्यालयमा अभिभावकको रुपमा नाम दर्ता भएको व्यक्त्ति सम्झनु पर्छ र सो शब्दले निजको संरक्षक वा माथवरलाई समेत जनाउँछ ।

(म) "स्थानीय अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई आफूले संरक्षण दिई निजको तर्फबाट अध्ययनको लागि आवश्यक सम्पूर्ण खर्च वहन गर्नुका साथै निजलाई खानपान औषधोपचार लगायतका सम्पूर्ण दायित्व वहन गर्ने व्यक्त्ति सम्झनु पर्नेछ र निजले सम्वन्धित विद्यार्थीलाई स्थानीय अभिभावकको रुपमा सम्पूर्ण दायित्व वहन गर्ने व्यहोराको स्पष्ट सिफारिस सम्बन्धित वडा समितिको कार्यालयबाट प्राप्त गर्नु पर्नेछ ।





(य) "विद्यालय निरीक्षक भन्नाले नेपाल सरकारले खटाएका शिक्षा सेवाका अधिकृत कर्मचारी बुझ्नु पर्दछ" ।

(११) **मूल ऐनको दफा ३ मा संशोधन :** मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ ।

"३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने**: (१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय वा पूर्वप्राथमिक विद्यालय वा प्रारम्भिक बालविकास केन्द्र खोल्न चाहेमा तोकिएको विवरण खुलाई शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगाडी नगरपालिकामा अनुमतिका लागि निवेदन दिनु पर्दछ ।

(२) यस नगरपालिका भन्दा वाहिर प्रचलित कानून बमोजिम अनुमतिलिई कम्तिमा ३ बर्ष अगाडी देखि नियमित रुपमा सञ्चालनमा रहेको संस्थागत विद्यालयले यस नगरपालिका अन्तरगत स्थानान्तरण भइ आउन चाहेमा पौष १ गतेदेखि मसान्तसम्ममा नगरकार्यपालिकाले तोके बमोजिमका कागज प्रमाण साथमा राखी निवेदन दिनु पर्नेछ ।

तर त्यसरी स्थानान्तरणका लागि निवेदन दिने विद्यालयको नाम परिवर्तन भएको भए नाम परिवर्तन भएको २ बर्ष पुरा नगरी स्थानान्तरण गरिने छैन र त्यसरी स्थानान्तरण हुने विद्यालयलाई स्थानान्तरण भइ आउने शैक्षिकसत्रमा कक्षा थप गरिने छैन ।

(३) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर

नगरपालिकाले आवश्यकता अनुसार शिक्षाशाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृतवाट स्थलगत निरीक्षण जाँचवुझ गराउने, जाँचबुझगर्दा विद्यालय खोल्न वा स्थानान्तरण भई आउन अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णय अनुसार नगर शिक्षा प्रमुखले अनुमति दिनेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(५) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(६) उपदफा(३), (४) मा जुन सुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठी अन्तरगत निजी गुठीका रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन:

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गादान, दातव्यदिएकोमा सो भवनमा वा त्यस्तो





जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चाल नगर्दा सार्वजनिक गुठी भए कम्तिमा सात जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षक फर्मबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) निजी शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टी सदस्यले आफ्नो जीवन काल वा शेष पछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन्‌ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी कल्याण कारी संस्थाले मुनाफा नलिने उद्देश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीवाट स्वीकृतिलिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयलाई अनुमति दिन सकिनेछ ।

(११) उप दफा ८ र १०मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमका आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकिकरण गर्न सकिनेछ।

(१२) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ।

(१३) मातृ-भाषी शिक्षा संचालन गर्न तोकिएका सम्पुर्ण मापदण्ड पुरा गरेका शैक्षिक संस्थालाई नगरपालिकाले आधारभूत सम्मका कक्षा संचालनको अनुमति र स्वीकृति दिन सक्नेछ।"

(१२) **<u>मूल ऐनको दफा ४ (२) मा संशोधन:</u>** मूल ऐनको दफा ४(२) को "बन्द गरिएका विद्यालयको"भन्ने शब्दहरू पछि "दायित्व वा" भन्ने शब्दहरू थप गरिएको छ ।

(१३) **<u>मूल ऐनको दफा ५ मा संशोधन:</u>** मूल ऐनको दफा ५ को "नियम विपरित कुनै काम गरेमा"भन्ने शब्दहरू पछि "वा कानून बमोजिम तोकिएको सर्त वन्देज पालना नगरेमा" भन्ने शब्दहरू थप गरिएको छ ।





(१४) **<u>मूल ऐनको दफा १० को खण्ड (घ) मा संशोधन:</u>** मूल ऐनको दफा १० को खण्ड (घ) झिकिएको छ ।

(१५) **<u>मूल ऐनको दफा ११ मा संशोधन:</u>** मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ ।

"**११. <u>शिक्षाको माध्यमः</u>** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ ।

तर सामाजिक विषयको अध्यापन नेपाली भाषामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत तहसम्मको शिक्षा मातृभाषामा समेत दिन सकिनेछ,

(ख) गैह्र नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय र अन्य कुनै भाषा समेत अध्ययन गर्न सक्नेछ ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।"

(१६) **<u>मूल ऐनको दफा १२ मा संशोधन:</u>**मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ ।

"**<u>१२.विद्यालयको वर्गीकरण</u>:**नगर क्षेत्रमा सञ्चालित संस्थागत विद्यालयहरूलाई ब्यवस्थित र जवाफदेही बनाउन तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।"

(१७) **<u>मूल ऐनको दफा १३ मा संशोधन:</u>**मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ ।

"१३. **<u>विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः</u>** विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोकेको न्युनतम मापदण्ड पुरा गरी आवश्यक सिकाई उपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन गराउनुपर्नेछ । नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास एवम् परिमार्जन गरी लागू गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।"

(१८) **<u>मूल ऐनको दफा १४ मा संशोधन:</u>**मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ ।

- "**१४.<u>परीक्षा सञ्चालन:</u>**(१) विद्यालय तहको कक्षा १०, ११ र १२ को अन्तमा लिइने परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।
- (२) कक्षा ८ बाहेक कक्षा १० भन्दा मुनिका कक्षाहरुमा शैक्षिक गतिविधिमा एकरुपता कायम गर्न नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले नगरस्तरीय परीक्षा समिति गठन गरी समितिको काम, कर्तब्य र अधिकार सहितको कार्यादेश तोक्न सक्नेछ ।
- (३) आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ।"

(१९) **<u>मूल ऐनको दफा १५ को उपदफा (१) को खण्ड (घ) मा संशोधन:</u>** दफा १५ को उपदफा (१) को खण्ड (घ)को सट्टा देहायको दफा १५ को उपदफा (१) को खण्ड (घ) राखिएको छ ।

- "(घ) सामुदायिक विद्यालयको प्रधानाध्यपकहरु मध्ये समितिले तोकेको १ जना सदस्य"

(२०) **<u>मूल ऐनको दफा १५ मा संशोधन-</u>**

- (क) उपदफा (१) को खण्ड (ज),(झ), (ञ) र (ठ) को सट्टा देहायको खण्ड (ज), (झ), (ञ) र (ठ) राखिएका छन्:-
- "(ज) नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट आधारभूतको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा दश वर्ष स्थायी सेवा गरेका शिक्षक मध्येबाट १ जना महिला पर्ने गरी २ जना सदस्य
- (झ) नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट १ जना-सदस्य

- (ञ) नगर क्षेत्रभित्र संचालित सार्वजिनक गुठी वा धार्मिक विद्यालयका विद्यालय व्यवस्थापन तथा संचालक समितिका अध्यक्ष मध्ये १ जना-सदस्य
- (ठ) नगरशिक्षा शाखा प्रमुख - सदस्यसचिव "

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"उपदफा (१) अनुसार मनोनित हुने सदस्यहरुको मनोनयन समितिले गर्नेछ र उक्त समितिका मनोनित सदस्यले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा वा वैठक बस्ने जानकारी समयमानै प्राप्त गरेपनि विना सूचना लगातार तीनवटा वैठकमा अनुपस्थित भएमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ ।

- तर त्यसरी हटाउदा वा बर्खास्त गर्नु पहिले मनासिव माफिकको सफाई दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ । "

- (ग) उपदफा (४) को खण्ड (घ) मा रहेका" नतिजाका कार्यहरुमा" भन्ने शब्दहरूको सट्टा " नतिजाका कार्यहरु गरी गराई "भन्ने शब्दहरू राखिएका छन् ।
- (घ) उपदफा (४) को खण्ड (ठ) मा रहेका "शैक्षिक गुठीसंग" भन्ने शब्दको सट्टा "शैक्षिक गुठीका गुठियारसंग" भन्ने शब्दहरू राखिएका छन् ।





- (ङ) उपदफा (४) को खण्ड (ड) मा रहेका "सुपरिवेक्षण गर्ने" भन्ने शब्दहरूको पछि" गराउने" भन्ने शब्द थपिएको छ ।
- (च) उपदफा (४) को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-
- "(त) सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी वा राहत अनुदानकोटामा शिक्षक सेवा आयोगले प्रकाशन गरेको योग्यताक्रम अनुसार करार सूचीमा रहेका व्यक्तिले दरखास्त पेस गरेमा निजलाई नियुक्ति गर्न व्यवस्था गर्ने"
- (छ) उपदफा (४) को खण्ड (थ) मा रहेका "शिक्षक छनोट समितिको कार्यविधि" भन्ने शब्दहरूको सट्टा "शिक्षक छनोट समितिको गठन तथा कार्यादेश" भन्ने शब्दहरू राखिएको छ ।

(२१) <u>**मूल ऐनको दफा १७ मा संशोधन:**</u> मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ।

- **"१७. शिक्षक छनोट समितिः**(१) सामुदायिक विद्यालयमा रिक्त करार वा राहत अनुदानकोटा र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको लागि गठन हुने शिक्षक छनौट समिति तोकिए अनुसार हुनेछ ।
- (२) नगरभित्र सञ्चालित सामुदायिक विद्यालयमा नगरपालिकाको आन्तरिक स्रोतबाट आर्थिक दायित्व वेहोरिने

गरी नियुक्ति हुने शिक्षक, बालबिकास सहजकर्ता वा स्वयमसेवक शिक्षकको करार नियुक्ति सिफारिसका लागि देहाय बमोजिमको नगरस्तरीय शिक्षक छनौट समिति रहनेछ ।

- (क) नगर प्रमुखले तोकेको नगर शिक्षा समितिको सदस्य - संयोजक
- (ख) सामुदायिक विद्यालयका प्र.अ.हरुमध्ये नगर शिक्षा समितिले मनोनयन गरेको १ जना- सदस्य
- (ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- (घ) नगर शिक्षा समितिले मनोनयन गरेको शिक्षा शास्त्रमा कम्तिमा स्नातकोतर उपाधि हासिल गरी माध्यमिक तहमा कम्तिमा १० वर्ष शिक्षण, मूल्यांकन र परीक्षाको अनुभवी शिक्षक १ सदस्य
- (ङ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव

- (३) पदेन वाहेकका समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ वर्षको हुनेछ ।
- (४) समितिले आफ्नो आवश्यक कार्यविधि आफै मस्यौदा गरी नगर कार्यपालिकाबाट अनुमोदन भए पश्चात् कार्यान्वयनमा ल्याउनेछ ।

(२२) **<u>मूल ऐनको दफा १८ को खण्ड (क) मा संशोधन</u>**: मूल ऐनको दफा १८ को खण्ड (क) मा रहेका "नगर शिक्षा समितिको सदस्य" भन्ने





शब्दहरूको सट्टा "नगर प्रमुखले तोकेको नगर शिक्षा समितिको सदस्य" भन्ने शब्दहरू राखिएको छ ।

(२३) **<u>मूल ऐनको दफा १८ को खण्ड (ङ) मा संशोधन</u>**: मूल ऐनको दफा १८ को खण्ड (ङ) मा रहेका "नगर शिक्षा शाखा प्रमुख " भन्ने शब्दहरूको सट्टा " नगर शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत" भन्ने शब्दहरू राखिएको छ ।

(२४) **<u>मूल ऐनको दफा १९ को उपदफा (१) को खण्ड (ग) मा संशोधन</u>**: मूल ऐनको दफा १९ को उपदफा (१) को खण्ड (ग) मा रहेका "केन्द्रमा नियमित रुपमा पठाउने "भन्ने शब्दहरूको सट्टा "आवश्यकता अनुसार सम्वन्धित निकायमा पठाउने" भन्ने शब्दहरू राखिएको छ ।

(२५) **<u>मूल ऐनको दफा १९ को उपदफा (१) को खण्ड (ङ) मा संशोधन</u>**: मूल ऐनको दफा १९ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "कार्यक्रमको समन्वय र नियमन गर्ने "भन्ने शब्दहरूको सट्टा "कार्यक्रमको अनुगमन, निरीक्षण, समन्वय र नियमन गर्ने गराउने " भन्ने शब्दहरू राखिएका छन् ।

(२६) **<u>मूल ऐनको दफा १९ को उपदफा (२)मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (२) (ढ) पछि देहायको उपदफा (२) (ण)थप गरिएको छ ।

- "(ण) नगरपालिकाको तर्फबाट विद्यालयका नाममा प्राप्त निर्देशनको पालना गर्नु संवन्धित विद्यालय, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक,

शिक्षकको कर्तव्य हुनेछ । यसरी प्रदान गरिएको निर्देशन अविलम्ब कार्यान्वयन गरी वा कार्यान्वयन गर्न असम्भव भएमा उचित कारण सहित सो को अबिलम्बजानकारी नगरपालिकालाई गराउँनु पर्नेछ ।"

(२७) **<u>मूल ऐनको दफा २० मा संशोधन:</u>** मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छ ।

**"<u>२०. विद्यालय व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकारः</u>**(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको ९ सदस्यीय एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) नगर प्रमुखले तोकेको लब्धप्रतिष्ठित व्यक्ति - अध्यक्ष

(ख) स्थानीय अभिभावक मध्ये एक महिला सहित २ जना - सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष - पदेन सदस्य

(घ) नगर प्रमुखले तोकेको समाजसेवी वा चन्दादाता मध्ये १ जना - सदस्य

(ङ) शिक्षक अभिभावक संघका अध्यक्ष वा प्रतिनिधि- सदस्य

(च) शिक्षकहरुले आफूहरु मध्येवाट छानी पठाएको एक जना स्थायी शिक्षक - सदस्य





(छ) संवन्धित वडाका वडा अध्यक्षले तोकेको वडा सदस्य मध्येवाट एक जना- सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक-सदस्य सचिव

(२) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषयमा दक्ष, व्यवसायमा आवद्ध तथा शिक्षाविद मध्ये नगर प्रमुखले मनोनित गरेका एक जना सदस्यसमेत रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरु अभिभावक भेलाबाट छानिने छन

(४) कुनै कारणवाट विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पद रिक्त भै अध्यक्ष मनोनयन नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको बैठकको अध्यक्षता सम्वन्धित वडाका वडा अध्यक्षले गर्ने छन् ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद शैक्षिक सत्रको चैत्र महिनामा सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले आफ्नो कार्यकाल

भित्रै नया गठनं भएको व्यवस्थापन समितिलाई पदभार हस्तान्तरण गर्नु पर्नेछ विद्यालय व्यवस्थापन समितिको कार्यकाल समाप्त भइ वा अन्य कुनै कारणबाट समिति रिक्त भएमाअर्को समिति गठन नभएसम्मका लागि सम्वन्धित वडा अध्यक्षको अध्यक्षतामा पदेन सदस्यहरु तथा नगर प्रमुखले तोकेका २ जना समाजसेवी समेत रहेको तदर्थ विद्यालय व्यवस्थापन समिति स्वत गठन हुनेछ ।

(७) व्यवस्थापन समिति संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखबाट मनोनित भएका व्यक्ति-अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना –सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको एकजना –सदस्य





(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानी पठाएका १ जना शिक्षक प्रतिनिधि–सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाको वडा सदस्यहरु मध्येवाट वडा शिक्षा समितिले मनोनयन गरेको एक जना–सदस्य

(च) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत – सदस्य

(छ) विद्यालयका प्रिन्सिपल वा प्रधानाध्यापक-सदस्य सचिव

(९) उपदफा (१), (२), (३) र (८) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ शैक्षिक सत्रको हुनेछ ।

(क) उपदफा (९) बमोजिम छानिने पदाधिकारीको पदावधि गणना गर्दा निज जुनसुकै महिना वा गतेमा मनोनयन भएतापनि छानिएको वा मनोनयन भएको सालको चैत्र मसान्तमा १ शैक्षिक सत्र पुगेको मानि गणना गरिनेछ ।

(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पनि पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेस गर्ने मौकाबाट वञ्चित

गरिने छैन । नगर शिक्षा समितिले गरेको कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ ।

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षले दिएको राजिनामा नगर प्रमुखवाट स्वीकृत भएमा वा पदाधिकारीको पदावधि सकिएमा सो मिति पश्चात स्वतः सम्वन्धित वडाअध्यक्षको अध्यक्षतामा पदेन सदस्यहरु रहेको तदर्थ विद्यालय व्यवस्थापन समिति गठन हुनेछ ।

(१०) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको वैठकमा नगरपालिकाको प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(११) बिद्यालय ब्यबस्थापन समितिको अध्यक्षको शैक्षिक योग्यताको हकमा शिक्षा ऐन २०२८ को ब्यवस्था लागु हुनेछ ।

तर उपदफा (९) को खण्ड (ग) वमोजिम गठन हुने समितिको अध्यक्षका लागि यो उपदफा लागुहुने छैन ।

(१२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,





(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको विनियम वनाई नगरपालिकावाट स्वीकृत भएपश्चात लागु गर्ने विद्यालयको वार्षिक बजेट स्वीकृत, गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई नगरपालिकाले नियुक्ति दिई पठाएमा विद्यालयमा हाजिरी गराउने,

(ज) नगरपालिकाबाट स्वीकृत दरबन्दीका शिक्षक तथा कर्मचारीलाई काम काज गर्न खटाइएको पत्र विद्यालयमा प्राप्त भएको मितिले बढिमा एक

हप्ता भित्र हाजिर गराउने वा अन्यत्र खटाइएको भए रमाना दिई पठाउने ।

(झ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करारमा नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवार नआएमा नगरपालिकाले लिएको शिक्षक छनोट परीक्षाबाट प्रकाशित करार सूचीको योग्यताक्रमको आधारमा करारमा नियुक्ति दिई काममा लगाउने,

(ट) नगरपालिकाले नियुक्त गरेको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराई लेखा परीक्षकले औंल्याएका प्रतिवेदन उपर आवश्यक कार्वाही गरी सोको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने ।

(ठ) शिक्षासँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएका निर्देशनहरूको अविलम्ब पालन गर्ने, गराउने,

(ढ) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी शिक्षक, कर्मचारी नियुक्ति गर्नु अघि व्यवस्थापन समितिले एक शिक्षक छनौट समिति गर्ने र सोही समितिले प्रचलित नगर शिक्षा ऐन





बमोजिम शिक्षक नियुक्ति गर्नु पर्दछ । साथै कुनै शिक्षकलाई सरुवा बढुवा गर्दा समेत अनिवार्य रुपमा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ । त्यसरी नियुक्ति वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा नगरपालिकावाट स्वीकृत विनियम एवम् प्रचलित कानून बमोजिम तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(ण) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने,

(त) विद्यालय व्यवस्थापन समितिको वैठक कम्तिमा पनि प्रत्येक २ महिना भित्रमा अनिवार्य रुपमा बस्नु पर्नेछ । विद्यालय व्यवस्थापन समितिको वैठक लामो समयसम्म नवसेमा, वैठक बसेता पनि निर्णय गर्नै पर्ने महत्वपुर्ण विषयको एजेण्डानै प्रस्तुत नभएमा वा कुनै विषयमा तत्कालै व्यवस्थापन समितिको वैठक बसी निर्णयमा पुग्नु आवश्यक छ भनि व्यवस्थापन समितिका कम्तिमा २५ प्रतिशत सदस्यहरुले छलफलका बिषयसुचि एवम समय समेत प्रस्ताव गरी अध्यक्ष समक्ष वैठक वोलाई पाउँन माग गरेमा अध्यक्षले वढिमा १ हप्ता भित्रमा प्रस्ताव गरेका

छलफलका वुँदा समेत राखी वैठक वोलाउँनु पर्नेछ । यसरी माग गर्दा समेत अध्यक्षले वैठक नवोलाई वेवास्ता गरेमा पदेन सदस्य सम्वन्धित वडा अध्यक्षको अध्यक्षतामा विद्यालय व्यवस्थापन समितिका वहुमत सदस्यहरु उपस्थित भै प्रस्तावमा माग गरे बमोजिमको मिति समय एवम छलफलको वुदाहरु उपर वैठक वसी निर्णय गर्न सक्नेछ र त्यसरी बसेको बैठकले गरेका निर्णयहरु मान्य हुनेछ । उक्तवैठकमा सदस्य सचिवको रुपमा प्रधानाध्यापकको अनिवार्य उपस्थिती हुनु पर्नेछ निज उपस्थित नभएमा प्रधानाध्यापकको उम्मेद्वार हुन प्रचलित कानून बमोजिमको योग्यता पुगेको सम्वन्धित विद्यालयको शिक्षकले सदस्यसचिव भै कार्य गर्ने छ । सदस्य सचिव उपस्थिति नभएको कारणले मात्र वैठक अमान्य हुने छैन ।

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,





(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक छनोट समितिको अनुमित लिई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नगरपालिकाले तोके बमोजिमको न्यूनतम स्केल नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन वडा शिक्षा समिति मार्फत् नगर शिक्षा समितिमा पेस गर्नु पर्नेछ,

(ट) विद्यालयले सङ्कलन गर्ने सबै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने प्रारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा नगर शिक्षा समितिले दिएको निर्देशन पालना गर्ने,

(ठ) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२८) **<u>मूल ऐनको दफा २१ को उपदफा (१)मा संशोधन</u>**: मूल ऐनको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

□ "(१) दफा (२०) बमोजिमको समयावधिसम्म व्यवस्थापन समिति पुनर्गठन नभएका र कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगर शिक्षा समितिले कारणसहित नगरपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिइनेछ ।"

(२९) **<u>मूल ऐनको दफा २२ मा संशोधन</u>**: मूल ऐनको दफा २२ मा रहेको "पारित गराई लागू गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "पारित गराई





नगरपालिकाबाट सहमति लिई लागू गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(३०) **<u>मूल ऐनको दफा २२ को उपदफा (४) मा संशोधन</u>**: मूल ऐनको दफा २२ को उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) विद्यालय व्यवस्थापन समितिबाट पारित वा संशोधित कार्यविधि नगरपालिकामा पेस गरी स्वीकृति प्राप्त भए पछि मात्र लागु गर्नु पर्नेछ ।"

(३१) **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>**: मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः

□ "२६. **<u>अनुदानको व्यवस्थाः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापतको अनुदान रकममा कटौती नगरी नगरपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा वा दरवन्दी मिलान वा कट्टी भइ वा रिक्त रहेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

□ (२) नगरपालिकाले सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

□ तर सरकारी विद्यालयका नाममा जुनसुकै स्रोतवाट प्राप्त भएको रकम भएपनि तोकिएको सरकारी बैकमा बाहेक अन्यत्र खाता खोली राख्न पाइने छैन ।"

(३२) **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ मा रहेको "तोकिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "सूचकका आधारमा थप" भन्ने शब्दहरू राखिएका छन् ।

(३३) **<u>मूल ऐनको दफा २८ को उपदफा (४) मा संशोधन</u>**: मूल ऐनको दफा २८ को उपदफा (४) मा रहेको "अध्ययन गर्ने विद्यार्थीसँग" भन्ने शब्दहरू पछि"लिइने" भन्ने शब्द राखिएको छ ।

(३४) **<u>मूल ऐनको दफा २८ को उपदफा (७) मा संशोधन</u>**: मूल ऐनको दफा २८ को उपदफा (७) मा रहेको "उपलब्ध गराएको सुविधाको" भन्ने शब्दहरूको सट्टा"उपलब्ध गराएको सुविधा र विद्यालय बर्गीकरणका आधारमा" भन्ने शब्दहरू राखिएको छ ।

(३५) **<u>मूल ऐनको दफा २९ मा संशोधन</u>**: मूल ऐनको दफा २९ सट्टा देहायको दफा २९राखिएको छः

□ "२९. **<u>छात्रवृत्तिको व्यवस्था गर्न सक्ने</u>**:(१) नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

□ (२) नगरपालिकाले सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्र देखि कक्षा पाँचसम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई दीवा खाजाको व्यवस्था गर्न सक्नेछ ।"

(३६) **<u>मूल ऐनको दफा ३१ को उपदफा (१) मा संशोधन</u>**: मूल ऐनको दफा ३१ को उपदफा (१) मा रहेको "अन्य विद्यालय" भन्ने शब्दहरूको पछि "वा सरकारी प्रयोजनमा" भन्ने शब्दहरू थपिएका छन् ।





(३७) **<u>मूल ऐनको दफा ३१ को उपदफा (२) मा संशोधन</u>**: मूल ऐनको दफा ३१ को उपदफा (२) सट्टा देहायको उपदफा (२) राखिएको छः

"(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्ता विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । तर सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालय बन्द भएमा त्यस्तो सम्पत्ति सरकारको हुनेछ।"

(३८) **<u>मूल ऐनको दफा ३२ को उपदफा (१) मा संशोधन</u>**: मूल ऐनको दफा ३२ को उपदफा (१) मा रहेको "शैक्षिक गुठी " भन्ने शब्दहरूको सट्टा "सार्वजनिक शैक्षिक गुठी " भन्ने शब्दहरू राखिएका छन् ।

(३९) **<u>मूल ऐनको दफा ३७ को उपदफा (१) मा संशोधन</u>**: मूल ऐनको दफा ३७ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) प्रचलित कानून बमोजिम कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।"

(४०) **<u>मूल ऐनको दफा ३८ को उपदफा (४) मा संशोधन</u>**: मूल ऐनको दफा ३८ को उपदफा (४) सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा एकै विषयका शिक्षक एक भन्दा बढि कार्यरत भएमा त्यस्ता विषयका शिक्षकहरूलाई नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सहमति नलिई नगरपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।"

(४१) **<u>मूल ऐनको दफा ३८ को उपदफा (७) मा संशोधन</u>**: मूल ऐनको दफा ३८ को उपदफा (७) मा रहेको "नगर शिक्षा समितिले प्रकाशित" भन्ने शब्दहरूको पछि"गरेको" भन्ने शब्द राखिएको छ ।

(४२) **<u>मूल ऐनको दफा ४० मा संशोधन</u>**: मूल ऐनको दफा ४० सट्टा देहायको दफा ४०राखिएको छः

□ "४०. **<u>प्रधानाध्यापक सम्वन्धी व्यवस्थाः</u>** (१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

□ (२) उपदफा (१) बमोजिमका प्रधानाध्यापकको नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

□ (क) यस ऐन बमोजिम गठन हुने नयाँ विद्यालय व्यवस्थापन समितिले उक्त विद्यालयको प्रधानाध्यापकका लागि सोहि विद्यालयमा रहेका शिक्षकहरु मध्येबाट र सो विद्यालयको तहसंग मेल खाने शिक्षक नरहेको अवस्थामा नगरका विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकहरु मध्येवाट नगरशिक्षा समितिको सहमति लिई प्रधानाध्यापकको व्यवस्थापन गर्न शिक्षा नियमावली २०५९ को नियम ९३ को अधीनमा रही अविलम्ब विज्ञापन गर्नु पर्नेछ ।

□ (ख) प्रधानाध्यापकको पदावधि समाप्त भएका दिन देखि शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिमको प्रधानाध्यापक नियुक्ति नभएसम्मका लागि उक्त नियमावलीको ९३ को उपनियम १२ बमोजिमको जेष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिनुपर्ने छ । प्रधानाध्यापकको पदावधि समाप्त भएको एक हप्तासम्म पनि विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापकको जिम्मेबारी नदिएमा सोही





नियम अनुसार अर्को व्यवस्था नभएसम्मका लागि नगरपालिकाले निमित्त प्रधानाध्यापक तोक्न सक्नेछ ।"

(४३) **<u>मूल ऐनको दफा ४२ को उपदफा (२) मा संशोधन</u>**: मूल ऐनको दफा ४२ को उपदफा (२) मा रहेको "बर्खास्त गर्नसक्नेछ ।" भन्ने शब्दहरूको पछि "वडा समिति नभएमा विद्यालय व्यवस्थापन समितिले सिधै नगरपालिकामा सिफारिस गर्नेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

(४४) **<u>मूल ऐनको दफा ४६ को उपदफा (३) मा संशोधन</u>**: मूल ऐनको दफा ४६ को उपदफा (३) मा रहेको "कानून बमोजिमको "भन्ने शब्दहरूको पछि" फौजदारी "भन्ने शब्द राखिएको छ ।

(४५) **<u>मूल ऐनको दफा ४८ को उपदफा (२) मा संशोधन</u>**: मूल ऐनको दफा ४८ को उपदफा (२) मा रहेको "विद्यालय व्यवस्थापन समितिको" भन्ने शब्दहरूको सट्टा"सम्बन्धित शैक्षिक संस्थाको" भन्ने शब्द राखिएको छ ।

**आज्ञाले**
**गिरीराज ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**